स्थानीय राजपत्र

राप्ती गाउँपालिकाद्वारा प्रकाशित

खण्डः५ संख्याः३ मितिः२०७८/१२/२२


# भाग २

# राप्ती गाउँपालिका, दाङ

**कार्यपलिकाबाट स्वीकृत २०७८/११/२७**

# राप्ती गाउँपालिकाको बाल कोष सञ्चालन कार्यविधि-२०७८

पृष्ठभुमीः

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६३ को उपदफा ५, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२(ग), २९ र दफा ७० अनुसार राप्ती गाँउपालिका भित्रका अति विपन्न, असहाय, आपतकालिन तथा जोखिम अवस्थामा रहेका बालबालिकाहरुको तत्काल संरक्षण, उद्धार, राहत वितरण र पारिवारिक पुर्नस्थापना गर्न बाञ्छनिय भएकोले राप्ती गाँउपालिकाले बालबालिकाको हकहितको संरक्षण र सम्बद्र्धन गर्नका लागि बालकोष सञ्चालन कार्यविधी २०७८ स्वीकृत गरि लागु गरेको हो । स्थानिय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी परिचालन गर्न राप्ती गाँउपालिका र वडाहरुले बालकोषको स्थापना गर्नेछ । बाल कोषको प्रभावकारी सञ्चालन तथा कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को मातहतमा रही राप्ती गाँउपालिकाद्धारा बालकोष सञ्चालन कार्यविधी २०७८ स्वीकृत गरी लागू गरिएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः–

क) यो कार्यविधीको नाम "बाल कोष सञ्चालन कार्यविधी २०७८" रहेको छ ।

(ख) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

(ग) यो कार्यविधीलाई नेपाल सरकार, प्रदेश सरकार र राप्ती गाँउपालिकाले बाल अधिकार सम्बन्धी अर्को व्यवस्था नगरे सम्म कार्यान्वयन गरिनेछ ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः–

क) "गाँउपालिका" भन्नाले राप्ती गाँउपालिका सम्झनु पर्दछ ।

ख) "गाँउ कार्यपालिका" भन्नाले राप्ती गाँउपालिकाको गाँउ कार्यपालिका भन्ने सम्झनु पर्दछ ।

ग) "बाल कोष" भन्नाले यस कार्यविधी को दफा ३ मा उल्लेख गरे बमोजिम स्थापना गरिएको कोष सम्झनुपर्दछ ।

घ) "कार्यालय" भन्नाले राप्ती गाँउपालिकाको कार्यालय र राप्ती गाँउपालिकाका सबै वडा कार्यालयहरुलाई सम्झनुपर्दछ ।

ङ) "जोखिम अवस्थामा रहेका बालबालिका" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८, लुम्बिनि प्रदेशको बालबालिका सम्बन्धि ऐन, २०७६ को दफा ३० बमोजिम बैकल्पिक हेरचाहको आवस्यक्ता रहेका बालबालिका र यस कार्यविधिको दफा १२ मा उल्लेखित बालबालिकालाई सम्झनुपर्दछ ।

च) " बालकोष सञ्चालक समिति" भन्नाले कार्यविधिको दफा ५ मोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ ।

छ) " स्थानीय बाल अधिकार समिति" भन्नाले गाउँपालिका स्तरिय बाल अधिकार समिति भन्ने सम्झनुपर्छ ।

ज) " वडा बाल अधिकार समिति" भन्नाले राप्ती गाँउपालिका भित्रका सबै वडामा गठित वडा स्तरिय बाल अधिकार समितिलाई सम्झनु पर्दछ ।

झ) "बाल कल्याण अधिकारी" भन्नाले बाल बालिका सम्बन्धी ऐन २०७५ को दफा ६१ तथा यस कार्यविधी अनुसार तोकिएको वा नियुक्त गरिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

ञ) “समिति” भन्नाले स्थानीय बाल अधिकार समिति र वडा बाल अधिकार समिति सम्झनु पर्दछ ।

३. बालकोषको उद्देश्य

क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्दार गर्ने,

ख) जोखिम अवस्थामा रहेका बालबालिकाहरुलाई राहत उपलब्ध गराउने,

ग) जोखिम अवस्थामा रहेका बालबालिकालाई पारिवारिक पुनर्मिलन वा पुर्नस्थापना गर्ने,

घ) जोखिम अवस्थामा रहेका बालबालिकाहरुलाई आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,

ङ) जोखिम अवस्थामा रहेका बालबालिकाहरुको बालअधिकार संरक्षण र सम्बद्र्धनको सुनिश्चितता गर्ने,

च) बाल विवाह निरुत्साहन सम्बन्धि सचेतना कार्यक्रम गर्ने ।

छ) बेचबिखन, गैरकानुनी ओसारपसार वा बाल श्रमको रुपमा रहेका वा बालश्रममा जान सक्ने बालबालिकाहरुलाई सहयोग गर्ने ।

ज) विशेष संरक्षणको आवश्यक्ता रहेका बालबालिकाहरूलाई थप सहयोग वा उपचारका लागि सम्वन्धित निकायमा प्रेसित गर्ने ।

४. बालकोषको स्थापनाः–

क) गाँउ कार्यपालिकाको बैठकबाट स्वीकृत भई जोखिम वा आपतकालीन अवस्थामा रहेका गाँउपालिकाका वडाहरु भित्रका बालबालिकाको संरक्षण गर्न गाउँपालिका स्तरिय एउटा बालकोष र प्रत्येक वडाहरुमा एक एक बाल कोषको स्थापना गरिनेछ ।

ख) बाल कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

क) संघीय सरकारले बालकोषमा जम्मा गर्न पठाएको रकम,

ख) प्रदेश सरकारले बालकोषमा जम्मा गर्न पठाएको रकम

ग) राप्ती गाउपालिकाले बालकोषमा जम्मा गर्न पठाएको रकम

घ) राप्ती गाँउपालिकाका वडाहरुले यस कोषमा जम्मा गर्न पठाएको रकम,

ङ) विभिन्न संघ–संस्था वा ब्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

च) बालबालिका सम्बन्धी ऐन २०७५को दफा ६३ को उपदफा २ बमोजिमको रकम

५. सञ्चालक समितिको गठन तथा सञ्चालनः

पालिका स्तरिय बालकोष सञ्चालनः गाउँपालिका स्तरिय बालकोष सञ्चालनको लागि बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० को उपदफा ९२० र लुम्बिनी प्रदेश स्तररिय बालबालिका सम्बन्धि ऐन २०७६ को दफा ४४ अनुसार गठित स्थानीय बाल अधिकार समिति संचालक समितिको रुपमा रहनेछ । गाउँपालिकाको वडाहरुमा संचालित बालकोषको लागि वडा बाल अधिकार समिति नै संचालक समितिको रुपमा रहनेछ ।

६. खाताको सञ्चालनः

क) गाउँपालिका स्तरिय बालकोष खाता सञ्चालन ः गाउँपालिका स्तरिय बालकोष खाता खोल्नको लागि स्थानीय  बाल अधिकार समितिको बालकोषको खाता खोल्ने निर्णयले नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा खाता खोल्न सक्नेछ । खाता सञ्चालन गर्ने क्रममा चल्ती वा बचत दुबै प्रकारको खाता खोल्न सकिनेछ । खाता सञ्चालन स्थानीय बाल अधिकार समितिको संयोजक र सदस्य सचिवको संयुक्त हस्ताक्षरमा खाता सञ्चालनमा रहनेछ ।

ख) वडा स्तरीय बालकोष खाता सञ्चालन ः वडा स्तरमा बालकोष खाता खोल्नको लागि वडा बाल अधिकार समितिको बालकोषको खाता खोल्ने निर्णयले नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा खाता खोल्न सक्नेछ । खाता सञ्चालन गर्ने क्रममा चल्ती वा बचत दुबै प्रकारको खाता खोल्न सकिनेछ । खाता सञ्चालन  वडा बाल अधिकार समितिको संयोजक र सदस्य सचिवको संयुक्त हस्ताक्षरमा खाता सञ्चालनमा रहनेछ ।

७. बालकोष लागि संचालक समितिको काम, कर्तब्य र अधिकार

(क) दफा १२ बमोजिमका आपतकालिन वा जोखिम अवस्थामा रहेका बालबालिकाहरु, बाल विवाहको जोखिममा रहेको र बालश्रमको कारणले जोखिममा रहेको बालबालिकाहरुको पहिचान गरी तिनीहरुको तत्काल उद्धार गर्ने, राहत वितरण गर्ने वा पारिवारिक पुर्नमिलन गर्ने गराउने ।

(ख) जोखिम अवस्थामा रहेका बालबालिकाहरुको अवस्था, त्यस्ता बालबालिकाको विकास, बालबालकिाहरुको अधिकार तथा बालबालिकासँग सरोकार राख्ने विभिन्न पक्षहरुको अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने ।

(घ) जोखिममा रहेका बालबालिकाको अवस्था बारे समितिबाट तत्काल बैठक बसी अवस्थाको विश्लेषण गरी सहयोगको आवश्यकता र उपलब्ध स्रोतको आधारमा प्रतिब्यक्ति बढिमा रु १०,००० सम्म नगद वा सो बराबरको सामग्रीसहयोग गर्ने तथा तत्काल त्यस्ता बालबालिकाको उपयुक्त संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक निर्णयका लागि कार्यपालिकामा पेश गर्ने ।

(ङ) स्वीकृत कार्यक्रम प्रभावकारी कार्यान्वयन भए, नभएको तथा सहयोग प्राप्त बालबालिकाको जीवनमा सुधार भए नभएको प्रगतीको सम्बन्धमा अनुगमन गर्ने ।

(च) बालकोष संचालनको सम्बन्धमा स्थानीय बाल अधिकार समितिले गाँउपालिका  र वडा बाल अधिकार समितिले वडा कार्यालयले दिएको सल्लाह सुझावहरुलाई पालना गर्ने ।

(छ) बालबालिकाको सहयोगको लागि विभिन्न निकाय तथा संघ संस्थासँग समन्वय गर्ने ।

(ज) सहयोग गरिएका बालबालिकाहरुको र सहयोगी संस्थाको विवरण अद्यावधिक गरी राख्ने ।

(झ) बालकोषको रकम बृद्धि गर्न उपयुक्त नीति तथा कार्यक्रम र रचनात्मक कार्यक्रमको तर्जुमा गर्ने ।

(ञ) प्रत्येक ६÷६ महिनामा कार्य प्रगती  स्थानीय बाल अधिकार समिति तथा सम्बन्धित वडा बाल अधिकार समितिमा पेश गर्ने ।

(ट) आपतकालीन अवस्थाका बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक थप कामहरु गर्ने,

(ठ) उपलब्ध तथ्य र प्रमाणका आधारमा कार्य सञ्चालन गर्ने,

(ड) जोखिममा रहेका बालबालिकाहरुको खोज तथा अनुसन्धान विभिन्न निकायहरुसँग समन्वय, सहकार्य तथा सहयोगमा गर्न सक्ने ।

८. समितिले गर्न नहुने कार्यहरुः

क) बालकोषको रकम हिनामिना वा समितिका कुनै सदस्य वा अन्य कुनै ब्यक्तिलाई लगानी गर्ने कार्य

ख) आपतकालीन अवस्थाका बालबालिकाको हकहित संरक्षण गर्ने कार्यबाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्ने ।

ग) पहुँच, शक्ति र भागवण्डाका आधारमा बालकोषको रकम बाँडफाँड तथा सहयोग गर्ने कार्य

९. सञ्चालक समितिको बैठकः

आपतकालिन अवस्थाका बालबालिकाहरुको संरक्षणको लागि स्थानीय बाल अधिकार समिति र वडा बाल अधिकार समितिमा परेका निवेदन उपर छलफल र निर्णय गर्न सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्नेछ ।

तर नियमित बठैक सञ्चालक समितिले निर्णय गरे बमोजिम अनिवार्य बस्नु पर्नेछ

क) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार जति पटक पनि बस्न सक्नेछ ।

ख) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा सञ्चालक समितिको जेष्ठ नागरिक वा सहभागि सदस्यहरुको सहमतिमा तोकेको व्यक्तिले गर्नेछ ।

ग) समितिको बैठक बस्दा गणपुरक सङ्ख्या गणना गर्दा बहुमत सदस्यलाई आधार मानिनेछ ।

घ) समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

ङ) समितिको निर्णय सदस्य–सचिवले प्रमाणित एवं अद्यावधिक गरी राख्नेछ ।

च) समितिले आवश्यकताको आधारमा विशेषज्ञ वा अन्य कुनै पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१०. सञ्चालक समितिको सम्पर्क स्थानः बालकोष संचालनको लागि गाउँपालिका स्तरमा स्थानीय बाल अधिकार समितिमा रहने र वडाहरुमा बालकोषको संचालनको रुपमा रहेका वडा बाल अधिकार समितिको कार्यालय सम्पर्क कार्यालयको रुपमा रहनेछ । सम्पर्क ब्यक्तिको रुपमा गाउँपालिकामा बाल कल्याण अधिकारी तथा वडाहरुमा वडा बाल अधिकार समितिको सदस्य सचिवको रुपमा कार्यरत व्यक्ति रहने छ ।

द्रष्टब्यः बालकल्याण अधिकारीको नियुक्ति नभएसम्म गाउँ कार्यपालिकाको बैठकबाट अधिकृत स्तरको कर्मचारी र वडामा वडासचिव रहनेछ ।

११. लेखा परिक्षणः– गाँउपालिकाले नियुक्त गरेको लेखापरिक्षकबाट प्रत्येक बर्ष आय–ब्ययको विवरणको लेखापरिक्षण गराउनुपर्नेछ ।

१२. आपतकालीन एवं जोखिम अवस्थाका बालबालिका अन्तरगत देहायका बालबालिका पर्दछनः–

क) बालबालिका सम्बन्धी ऐन २०७५को दफा ४८ र लुम्बिनि प्रदेशको बालबालिका सम्बन्धि ऐन २०७६ को

दफा ३० मा उल्लेख गरिएका बालबालिकाहरु

ख) यौनशोषण, यौन दुव्र्यवहार, मानव बेचविखन वा ओसारपसारमा परेका,

ग) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुव्र्यवहारबाट पिडित,

घ) अपाङ्गता भएका बालबालिका,

ङ) दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका,

च) हिंसाबाट प्रभावित एवं पिडित भएका,

छ) हराएको वा वेवारिसे अवस्थामा फेला परेका,

ज) ऋणको कारणले बन्धकमा रहेका वा श्रममा लगाई पीडित भएका,

झ) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसंग सम्बन्धीत रहेको कारणले बेवारिसे भएका,

ञ) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बंञ्चित भएका,

ट) सुस्त मनस्थिति भएका

ठ) अपहरण वा शरिर बन्धकमा परेका,

ड) सडक बालबालिका,

ढ) लागुऔषधको कुलतमा फसेको वा एच.आई.भि.संक्रमित तथा प्रभावित भएका,

ण) निकृष्ट वा जोखिमपूर्ण श्रममा संलग्न रहेका,

त) बाल विवाहको जोखिममा परी बिद्यालय छोडेका वा अन्य जोखिममा रहेका

थ) बालश्रममा संलग्न र बालश्रमको जोखिममा परेका बालबालिकाहरु

द) स्थानीय बाल अधिकार समितिले तोकेका अन्य बालबालिका ।

१३. सहयोगको लागि निवेदन दिन सक्नेः–

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ४८, लुम्बिनि प्रदेशको बालबालिका सम्बन्धि ऐन २०७६ को दफा ३० र कार्यबिधिको दफा १२ मा उल्लेख गरिएका बालबालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी स्थानीय बाल अधिकार समितिमा गाँउपालिकामा बसोबास गर्ने र वडा बाल अधिकार समितिमा सम्बन्धित वडामा बसोबास गर्ने जोसुकै सरोकारवाला वा ब्यक्तिले सम्पर्क कार्यालयमा बालबालिकाको विस्तृत विवरण खुल्नेगरी निवेदन दिन सक्नेछ ।

१४. सहयोग दिने प्रक्रिया ः प्राप्त निवेदनको आधारमा स्थानीय बाल अधिकार समिति र वडा वाल अधिकार समितिले प्राथमिकताको आधारमा सहयोगको लागि निर्णय गरि सहयोग प्रदान गर्नेछ । तत्काल आवश्यकता रहेका बालबालिकाहरुलाई सहयोग गर्नुपर्ने अवस्थामा बालबालिकाहरुलाई तत्काल बालकोषको खाताबाट सहयोग प्रदान गरिनेछ र प्रदान गरेको सहयोग रकमलाई आगामी दिनको समितिको पहिलो बैठकको निर्णयबाट अनुमोदन गर्नु पर्नेछ ।

१५. प्रगती प्रतिवेदन ः स्थानीय बाल अधिकार समिति र वडा बाल अधिकार समितिको सदस्य सचिवले बालकोषबाट सहयोग गरेका बालबालिकाहरुको विवरण, बाल कोषको आय व्यय विवरण सहितको विस्तृत प्रतिवेदन तयार गरि वार्षिक कार्यप्रगती विवरण स्थानीय बाल अधिकार समिति र वडा बाल अधिकार समितिमा एक एक प्रति पेश गर्नु पर्ने छ । वडा बाल अधिकार समितिले वार्षिकरुपमा एक प्रति स्थानीय बाल अधिकार समितिमा पेश गर्नु पर्नेछ ।

१६. कोषको रकम रोक्का नहुने ः प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभएमा वा आर्थिक बर्षको अन्त्यसम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१७. अन्य खर्चः– कोषको सञ्चालक समितिले यस कार्यविधि बमोजिमको अवस्थामा रहेका बालबालिकाको खोज,उद्धार र व्यवस्थापन गर्दा लाग्ने  खर्च ( मसलन्द खर्च, यातायात खर्च, अन्य भैपरी आउने खर्च आदि) खर्च गर्न सक्नेछ ।

१८. कार्यविधीको व्याख्या तथा संशोधन ः–यस कार्यविधीको ब्याख्या तथा संशोधन गाँउ कार्यपालिकाको बैठकले आवश्यकता अनुसार गर्न सक्नेछ । कार्यविधिमा उल्लेख भएका विषयहरु नेपाल सरकारको प्रचलित कानुनसंग बाझिएको खण्डमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

१९. कोष खारेज हुन सक्ने अवस्थाः कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रर्याप्त कारणहरु सहित संञ्चालक समितिको निर्णयले बालकोष खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेको रकम स्थानीय बाल अधिकार समितिको अगुवाईमा बालबालिकाको हित अनुकूलका कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

२०. बाधाअडकाउ फुकाउ र खारेजीः यस कार्यबिधिको बाधाअडकाउ फुकाउ तथा खारेजी देहाय बमोजिम हुनेछ ।

क) कार्यबिधिको सम्बन्धमा कुनै बिवाद भएको अवस्थामा गाउँपालिकाको गाउँसभाले निर्णय गरेबमोजिम हुनेछ । त्यस्तो निर्णयमा चित्त नबुझ्ने पक्ष वा ब्यक्तिले सम्बन्धित जिल्ला अदालतमा उजुरी गर्न सक्ने छ र अदालतबाट भएको निर्णय अन्तिम मानिने छ ।

ख) पर्याप्त कारणहरुकहरु सहित यो कार्यबिधिको खारेजी पालिकाको गाउँसभाले मात्रै गर्न सक्नेछ ।

**आज्ञाले,**
**शोभाराम रिजाल**
**प्रमुख प्रशासकीय अधिकृत**